IOWA READING RESEARCH CENTER

Student Reading Success Through Research and Collaboration

# तपाईंका बालबालिकाहरू र किशोर-किशोरीहरूसँग अङ्ग्रेजी सिक्ने: साझे पढाइको बेला भाषा विकासमा ध्यान दिनुहोस्



लेखक: निकोल डेसल्ले (Nicole DeSalle), M.F.A., लेखक समन्वयक, आयोवा रिडिङ रिसर्च सेन्टर
डेबोरा रीड (Deborah Reed), पिएच.डी. डाइरेक्टर, आयोवा रिडिङ रिसर्च सेन्टर

*सम्पादकको नोट: एकसाथ मिलेर सिक्दा यसले तपाईंका बालबालिका र किशोर-किशोरीहरूको साथै तपाईंको आफ्नै अङ्ग्रेजी भाषाको ज्ञान सुधार गर्न सक्छ। यो पोष्ट अङ्ग्रेजी भाषा सिक्ने रेख-देख गर्ने व्यक्तिहरूलाई (caregivers) आफ्नो दैनिक जीवनमा परिवारको लागि अङ्ग्रेजी सिक्ने अवसर पत्ता लगाउन सहायता गर्नको लागि निर्माण गरिएको निरन्तर श्रृंखलाको भाग हो।*

साझे पुस्तक पढाइ, वा एक वा एकभन्दा बढी मानिसहरूसँग उच्च सोरले पुस्तक पढ्ने अभ्यास बालबालिकाहरूको विकासको प्रारम्भिक वर्षहरूमा मौखिक भाषा र साक्षरता सीपमा महत्त्वपूर्ण योगदान दिने कुरा हो (Riordan et al., 2021)। साझे पढाइ अङ्ग्रेजी भाषा सिक्ने विद्यार्थीहरू (ELs) लगायत सबै बालबालिकाको लागि फाइदाजनक भए पनि, सँगै मिलेर पढ्नको लागि पुस्तक-

पुस्तिका छनौट गर्नु निकै बोझमय काम हुनसक्छ। अध्ययन सामाग्री छनौटको क्षेत्रलाई साँघुरो गर्ने एउटा तरिका भनेको प्रारम्भिक-उमेरको अङ्ग्रेजी सक्नेहरू (ELs) को लागि भाषा विकासमा सहयोग गर्ने विशेषता भएका पुस्तकहरूको छनौट गर्नु हो।

## रेमिङ बुक्सद्वारा श्रवण र बोलाइको अभ्यास गर्ने

प्रारम्भिक पाठकहरूले वाक्यहरू शब्दहरूले बनिएका हुन्छन्, र शब्दहरू आवाजहरूले बनिएका हुन्छन् भन्ने सिकेका हुन्छन्। यी सीपहरू *ध्वनि-प्रणाली सम्बन्धी चेतनाका* भाग हुन्, जसले बच्चाहरूलाई अङ्ग्रेजी साथै अरू वर्णगत भाषाहरूमा सफल पाठक बन्न तयारी हुन सहयोग गर्छ (McBride et al., 2021)। अङ्ग्रेजी सक्नेहरू (ELs) का लागि, रेमहरू समावेश भएका पुस्तकहरूले अङ्ग्रेजीमा पाइने निश्चित आवाज र भाषाका शैलीहरूको अभ्यास प्रदान गर्छन्। उच्च सोरमा पढ्दा कसरी रेमहरूको प्रयोग गर्ने त्यो बुझ्नको लागि, हामी जेज अल्बोरोउ (Jez Alborough) *डक इन द ट्रक (Duck in the Truck)* को पहिलो हरफलाई हेरौं।

> यो ट्रकमा रहेको डक वा हाँसको कथा हो।

यो वाक्यलाई पढेर तपाईं र तपाईंको बालबालिकाहरूले /uck/ भन्ने शब्दको खण्ड अभ्यास गर्न सक्नुहुन्छ। तपाईंका बालबालिकाहरूलाई "duck" र "truck" दुवैको अन्तिममा /uck/ भन्ने आवाज छ भनेर व्याख्या गरिदिनुहोस्। आफ्ना बालबालिकाहरूसँग पालैपालो उच्च सोरमा वाक्य पढ्नुहोस्। हरेक पटक, "duck" मा भएको /uck/ आवाजलाई जोड दिनुहोस् र "truck" मा भएको /uck/ आवाजसँग मिलाएर उच्चारण गर्नुहोस् र आवाज पनि मिलाउन तपाईंको बच्चालाई प्रोत्साहन दिनुहोस्।

*डक इन द ट्रक (Duck in the Truck)* जस्ता रेमिङ पुस्तक-पुस्तिकाहरूले बच्चाहरूलाई अङ्ग्रेजी भाषाको ध्वानिक तत्वहरू सिक्न पनि सहयोग गर्छ, जस्तै स्वर-उचाइ, स्वरगको गति, आवाजको स्तर, दबाब, लय, र स्वरशैली। कथाहरू उच्च स्वरमा पढेर त्यसको रेमहरू अनि अभिव्यक्तिको स्तरलाई सुनेर अङ्ग्रेजी सक्नेहरू (ELs) ले जोड दिइएको र जोड नदिइएको शब्दको बीचमा भिन्नता छुट्याउन सहयोग गर्छ (Fleta, 2017)। हामी *Duck in the Truck* को अन्तिमका केही हरफहरूलाई हेरौं:

This is the pull as the boat takes the strain.
These are the wheels finally gripping.
This is the knot suddenly slipping.
This is the truck with the engine on fast.
Back on the track... UNSTUCK AT LAST!

यो भागले तपाईं र तपाईंको बच्चालाई अङ्ग्रेजीका धेरै ध्वानिक तत्वहरू सुन्ने र अभ्यास गर्ने मौका दिन्छ। उदाहरणको लागि, बहु-उच्चारित शब्दहरू “gripping” र “slipping” मा उस्तै /ip/ र /ing/ आवाजहरू छन्। एकसाथ, “-ipping” ले रेम पैदा गर्छ, तर दुवै शब्दमा पहिलो अक्षरको /ip/ स्वरमा मात्रै जोड दिइन्छ। रेमिङ शब्दहरू उच्च स्वरमा पढ्दा पहिलो अक्षरलाई जोड दिने अभ्यास हुन्छ।

यी हरफहरूले स्वर-उचाइ र स्वर-उचाइ पनि अभ्यास गर्ने मौका दिन्छन्। अन्तिम वाक्य — “UNSTUCK AT LAST!”—लाई कसरी सबै क्यापिटल लेटरमा लेखिएको छ ध्यान दिनुहोस्। कथाको अन्त्यमा हाँस अर्थात् डकले आराम महसुस गरेको कुरालाई सूचित गर्नको लागि यी शब्दहरूमा थप जोड दिइएको तथ्यलाई बताउन यसो गरिएको हो। आफ्ना बालबालिकाहरूसँग, जोड दिन र भावना प्रस्तुत गर्नको लागि स्वर-उचाइलाई (तपाईंको स्वर कति उच्च वा न्यून छ त्यो सामान्यतया बोल्ने व्यक्तिको भावनासँग सम्बन्धित हुन्छ) अनि स्वरशैलीलाई (आवाज कसरी उच्च हुन्छ र झर्छ, वा स्वर-उचाइमा परिवर्तन हुन्छ) तलमाथि गरेर अभ्यास गर्नुहोस्।

## Video Demonstration

प्रारम्भिक अङ्ग्रेजी सक्नेहरू (ELs) लाई लिखित अक्षरबाट मात्रै अङ्ग्रेजी भाषाका यी पक्षहरूलाई पहिचान गर्न कठिन हुनसक्छ। खुशीको कुरा, तपाईंको स्थानीय पुस्तकालयमा तपाईंले हेर्न सक्ने कतिपय चित्र पुस्तकहरू पुस्तक पढिएको रेकर्डिङ (डिजिटल वा सिचि) सहित आउन सक्छन्। उच्च स्वरमा पुस्तक पढिएको रेकर्डिङ सुन्दा त्यसले यी राम्रा कथाहरूको ध्वानिक तत्वहरूको राम्रो नमुना प्रदान गर्न सक्छन्। तर सुन्ने मात्र गर्नुको सट्टा, तपाईं र तपाईंको बच्चाले रेकर्ड गरिएको आवाजको रेमिङ र रिदम (ताल) अनुकरण गर्न अभ्यास गरेर अडियोसँगै

पढ्ने प्रयास गर्न सक्नुहुन्छ। अनलाइनमा पढिएका कथाहरूको अक्षर देखाउने भिडियोहरू पनि हुन्छन्। उदाहरणको लागि, The Children's Storytime Bookshelf त्यस्तो भिडियोको रचनाकार हो।

## च्याप्टर बुकहरूद्वारा भाषा चेतनाको निर्माण

तपाईंको बच्चा र तपाईंको आफ्नै भाषा सुधार हुँदै गएपछि, तपाईं चित्र पुस्तकहरूभन्दा लामो कुनै चुनौतीको लागि तयार भएको हुन सक्नुहुन्छ, जस्तै च्याप्टर बुकहरू। च्याप्टर बुकहरूले कथाका पात्रहरूको जीवनका भागहरूलाई व्याख्या गर्छ, जसलाई च्याप्टर-च्याप्टरमा विभाजित गरिएको हुन्छ। तिनमा चित्र पुस्तकहरूमा जस्त हरेक पेजमा चित्र समावेश हुँदैन, तर बालबालिकाहरूको लागि च्याप्टर बुकहरूले एउटा च्याप्टरमा कम्तीमा एउटा चित्र समावेश गर्छ।

च्याप्टर बुकहरूमा चित्र पुस्तकहरूमा जस्तो रिदम र रेमिङको उही बारमबारता हुनु दुर्लभ कुरा हो, तर धेरैले अझै पनि भाषाको ध्वानिक तत्वहरू अभ्यास गर्ने अवसर दिन्छन्। हामी बिबर्ली क्लर्ली (Beverly Clearly) ले लेखेको *रमोना द पेष्ट (Ramona the Pest)* नामक पुस्तकको प्रारम्भिक च्याप्टरलाई हेरौं:

> **रमोनाले गुडुल्कालाई इन्कार गर्न सक्दिनन् (RAMONA CAN'T RESIST A CURL)**
>
> At last Ramona felt a tap on her shoulder. Her turn had come to run around the circle! She ran as fast as she could to catch up with the sneakers pounding on the asphalt ahead of her. The *boing-boing* curls were on the other side of the circle. Ramona was coming closer to them. She put out her hand. She took hold of a curl, a thick, springy curl—
>
> "Yow!" screamed the owner of the curls.
>
> Startled, Ramona let go. She was so surprised by the scream that she forgot to watch Susan's curl spring back.

च्याप्टर बुकहरूको एउटा पृथक विशेषता भनेको के हो भने हरेक च्याप्टरको शीर्षक हुन्छ, र यी शीर्षकहरूमा भाषा अभ्यास गर्ने तरिकाहरू समावेश हुन सक्छन्। *रमोना द पेष्ट (Ramona the Pest)* बाट लिइएको उदाहरणमा, क्लेरीको च्याप्टरको शीर्षकमा "R" र "C" बाट सुरु हुने अक्षरद्वारा सुरु हुने शब्दहरू प्रयोग गरिएका छन्। उच्च सोरमा पढ्दा तपाईं र तपाईंको बच्चाले "Ramona" मा

"Resist" को जस्तै सुरुवाती स्वर छ र "Can't" मा "Curl" को जस्तै सुरुवाती स्वर छ भन्ने थाहा पाउनुहुनेछ। जब क्लेरीको च्याप्टर शीर्षकमा प्रयोग गरिएका जस्ता शब्दहरूमा सुरुवाती आवाज हुन्छ, भाषाको यो ध्वानिक तत्वलाई "अनुप्रास अलंकार" वा एलिट्रेसन (alliteration) भनिन्छ। यो तत्वले सुरुवाती आवाजहरूको अभ्यासमा रोचकता थप्न सक्छ।

भाषाको अर्को ध्वानिक तत्व *अर्थानुकरण वा अनोमाटोपिया (onomatopoeia)* भनिन्छ, अथवा कुनै कुरालाई त्यसले दिने आवाजद्वारा नामाकरण गरिएको नामलाई जनाउँछ। माथिको हरफहरूमा इटालिकमा लेखिएका "*boing-boing*" भन्ने शब्दहरू अर्थानुकरण (onomatopoeia) को उदाहरण हो, किनभने उच्च सोरमा पढ्दा, यी शब्दहरू स्प्रिङ तानेर छोडेको जस्तै आवाज आउँछ। वास्तविकतामा, गुडुल्काले आवाज निकाल्दैन, तर यसले रमोनाको कल्पनामा भने आवाज निकाल्छ। त्यसकारण, अर्थानुकरणले हामीलाई गुडुल्का स्प्रिङ जस्तै गुडुल्किएको कल्पना गर्न सहयोग गर्छ, यही कारणले गर्दा किन रमोना त्यसलाई तान्न इच्छुक हुन्छिन् भन्ने कुरा बुझ्न हामीलाई सहयोग गर्छ। बच्चासँग मिलेर, रमोनाको कल्पनामा गुडुल्काहरूले निकाल्ने आवाज निकाल्न "*boing-boing*" भन्ने शब्द पढेर अभ्यास गर्नुहोस्।

कुनै पनि कुरा पढ्दा अभ्यास हुन्छ जसले अङ्ग्रेजी भाषाको सीप सुधार गर्न सहयोग गर्न सक्छ। तैपनि, जब तपाईं र तपाईंको बच्चाले साँगै उच्च सोरमा पढ्नुहुन्छ, तब त्यस अनुभवले तपाईंलाई भाषाको ध्वानिक तत्वहरू सुन्ने र अङ्ग्रेजी भाषालाई चित्रण गर्ने रिदम र जोड प्रयोग गरी बोल्न अभ्यास गर्ने मौका दिन्छ।

---

### सिफारिस गरिएका 10 वटा चित्र पुस्तकहरू (ग्रेड K—2)

***रोजी रिभियर इन्जिनियर (Rosie Revere, Engineer)*** **लेखक: आन्ड्रिया बिएटी (Andrea Beaty)**
पाठकहरू रोजीको दृढताद्वारा उत्प्रेरित हुनेछन् र उनका आश्चर्यजनक अविष्कारहरूद्वारा खुशी हुनेछन्।

***आइ एम इनफ (I Am Enough)*** **लेखक: ग्रेस बेयर्स (Grace Byers)**
यो काव्य डायरी आत्म-सम्मान निर्माण गर्न र विविधतामा रमाउनको लागि पढ्न सकिन्छ।

***जाबारी जम्प्स्*** ***(Jabari Jumps)*** **लेखक: गाइया कोर्नवाल (Gaia Cornwall)**
जाबारीले अल्गो डाइभिङ बोर्डबाट हाम फाल्ने पहिलो प्रयास गर्ने क्रममा तिनीसँगै सहभागी हुनुहोस्।

***सोफिया भाल्डेज, फ्युचर प्रेज*** ***(Sofia Valdez, Future Prez)*** **लेखक: आन्ड्रिया बिएटी (Andrea Beaty)**
सोफिया सानी हुन सक्छिन्, तर उनीसँग आफ्नो टोललाई सुधार गर्ने ठूला योजना छ।

***लास्ट स्टप अन मार्केट स्ट्रीट*** ***(Last Stop on Market Street)*** **लेखक: म्याट डि ला पेना (Matt de la Peña)**
यो काव्यात्मक कथाले कथावाचकले बसमा घर जाँदा देखेका दृश्य र आवाजहरूको बारेमा व्याख्या गर्छ।

***लेवी स्ट्राउस गेट्स ए ब्राइ आइडिया*** ***(Levi Strauss Gets a Bright Idea):*** ***ए फेयर्ली फ्याब्रिकेटेड स्टोरी अफ ए पेयर अफ प्यान्ट्स*** ***(A Fairly Fabricated Story of a Pair of Pants)*** **लेखक: टोनी जोन्स्टोन (Tony Johnston)**
तपाईंले ब्लू जिन्सको अविष्कार सम्बन्धी यो जिवन्त कथाद्वारा "ब्राइट आइडिया" जस्ता भाषिक टुक्का (इडियम) हरूको बारेमा छलफल गर्न सक्नुहुन्छ।

***लोकोमोटिभ*** ***(Locomotive)*** **लेखक: ब्रायन फ्लोका (Brian Floca)**
पाठकहरूलाई अमेरिकी रेलरोडको प्रारम्भिक दिनहरूमा लिएर जाने यो रेमिक पुस्तकद्वारा अनुकरणात्मक स्वर (जब कुनै कुरालाई त्यसले निकाल्ने आवाजको आधारमा नामाकरण गरिन्छ, जस्तै बज ["buzz"]) को अभ्यास गर्नुहोस्।

***थ्याङ्क यु, अमु*** ***(Thank You, Omu)*** **लेखक: ओगे मोरा (Oge Mora)**
अमुको बारेमा सबै कुरा पढ्नु होस्, जसको नाम (जसलाई अ-मु भनेर उच्चारण गरिन्छ) को रेम उसको मीठो खिचडीसँग मिल्छ।

***आइ गट द रिदम** (I Got the Rhythm)* **लेखक: कोन्नी स्कोफिल्ड-मोर्रिसन (Connie Schofield-Morrison)**
स्पष्ट उदाहरण र उत्साहजन रेमिङ शब्दहरूले जीवनप्रतिको लेखको उमङ्गलाई प्रस्तुत गर्छ।

***द जिन्जरब्रेड कबोइ** (The Gingerbread Cowboy)* **लेखक: जेनेट स्क्वीर्स (Janet Squires)**
पुरानो लोककथालाई मिलाएर यसले वाल्ड वेस्टको चर्चित कुकी बेच्ने व्यक्तिलाई परिचित गर्छ।

---

## सिफारिस गरिएका 10 च्याप्टर बुक (Grades 3—5)

***द वर्ल्ड एकर्डिङ टु हम्फ्री** (The World According to Humphrey)* **लेखक: बेट्टी बिर्ने (Betty Birney)**
ह्याम्स्टर वा छुछुन्द्रो हम्फ्रीले आफ्नो गुफाबाट निस्केर साहसिक यात्रामा निस्कने उत्कट इच्छा गर्छ।

***लोला लेभिन इज नट मिन** (Lola Levine is not Mean)* **लेखक: मोनिका ब्राउन (Monica Brown)**
लोलाको मुख्य रुचिको विषय फुटबल हुन्छ, तर जब उनले संयोगवस अर्को खेलाडीलाई चोट पुर्याउँछिन्, उनले परिस्थितिलाई कसरी ठीक पार्ने त्यो कुरा सिक्नैपर्छ।

***वान क्रेजी समर** (One Crazy Summer)* **लेखक: रिटा विलियम्स ग्रासिया (Rita Williams Garcia)**
१९६० दशकको अन्त्यतिरको समयलाई चित्रण गर्दै, यो च्याप्टर बुकले ओक्ल्यान्ड, क्यालिफोनियामा रहेकी आफ्नी आमासँग ग्रीष्म ऋतुको समय बिताउने तीन जना दिदीबहिनीहरूको साहसिक यात्रालाई प्रस्तुत गर्छ।

***द टेल अफ डिस्पेराउक्स** (The Tale of Desperaux)* **लेखक: केट डी क्यामिलो (Kate Di Camillo)**
यो मध्यकालीन समयको काल्पनिक कथाको यस साहसिक यात्री मुसाको मोहमा पर्नुहोस्।

***फोर्चुनेट्ली, द मिल्क** (Fortunately, the Milk)* **लेखक: नील गइम्यान (Neil Gaiman)**
जब लेखकको बुबाले एक बोतल दूध किन्छ तब पैदा हुने घटनाहरू पत्ता लगाउनुहोस्।

***एल्भिन हो** (Alvin Ho): **गर्ल्स, स्कूल, एन्ड ओदर स्क्यरी थिङ्ग्स** (Allergic to Girls, School, and Other Scary Things)* **लेखक: लेनोर लूक (Lenore Look)**
एल्भिन होले डर नमान्ने कुरा त्यति धेरै छैनन्, तर त्यसले उसलाई आफ्नै कल्पनामा हिरो बन्नबाट रोक्दैन।

***स्टिङ्क** (Stink): **द इन्क्रेडिबल श्रिङ्किङ् किड** (The Incredible Shrinking Kid)* **लेखक: मेगान म्याकडोनाल्ड (Megan McDonald)**
यो जीवन्त चित्रकथाले स्टिङ्क नामक होचो तर ठूला-ठूला साहसिक यात्रा गर्ने बालकको साहसिक यात्राहरूलाई बताउँछ।

***जाज सन्टोस भर्सेस द वर्ल्ड** (Jaz Santos vs. the World)* **लेखक: प्रिस्किला मन्टे (Priscilla Mante)**
जाजले आफ्नो फुटबल टिम, ब्राम्रोक स्टार्सलाई गम्भीर रूपमा लिइयोस् भन्ने बाहेक अरू केही चाहदिनन्।

***जुवाना एन्ड लुकास** (Juana and Lucas)* **लेखक: जुवाना मेडिना (Juana Medina)**
यो हाँस उड्दो कथाले बोगोटा, कम्बोडियामा बस्ने जुवाना र उनको प्यारो कुकुर लुकासको जीवन कहानी बताउँछ।

***साइडवेज् स्टोरिज् फ्रम वेसाइड स्कूल** (Sideways Stories from Wayside School)* **लेखक: लुइस साखार (Louis Sachar)**
व ाकी वेसाइडमा किन स्कूल कहिल्यै न्यास्रोलाग्दो हुँदैन पत्ता लगाउनुहोस्।

---

## सन्दर्भहरू

Alborough, J. (1999). *The Duck in the Truck*. HarperCollins.

Cleary, B. (1968). *Ramona the Pest*. HarperCollins.

Fleta, T. (2017). अङ्ग्रेजी भाषा सिकाइको लागि पिक्चरबुक्सका रेकर्डिङ आवाजहरू। *Children's Literature in English Language Education Journal*, *5*(1), 21–43. | Full text

McBride, C., Pan, D. J., & Mohseni, F. (2021). शब्दहरूको पढाइ र लेखाइ: एउटा बहु-भाषिक दृष्टिकोण। *Scientific Studies of Reading*. https://doi.org/10.1080/10888438.2021.1920595

Riordan, J., Reese, E., Das, S., Carroll, J., and Schaughency E. (2021). कोमल टुसा: अभिभावक-बच्चाका अन्तरक्रिया र बच्चाको मौखिक भाषा र साक्षरता सीपहरूलाई सुधार गर्ने सम्बन्धी दुई वटा साझे पढाइ पद्धतीहरूको र्‍यान्डम नियन्त्रित परीक्षण। *Scientific Studies of Reading*. https://doi.org/10.1080/10888438.2021.1926464

Wade-Woolley, L. (2015) Prosodic and phonemic awareness in children's reading of long and short words. *Reading and Writing*, 29, 371–382. https://doi.org/10.1007/s11145-015-9600-1